खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल

KHAIRAHANI MUNICIPALITY
Office of the Municipal Executive
Khairahani, Chitwan, Bagmati Province, Nepal

प.सं. :
च.नं. :

खैरहनी नगरपालिकाभित्र सञ्चालनमा रहेका मासु पसल, फ्रेस हाउस व्यवसायीहरूका लागि अत्यन्त जरुरी सूचना

खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण ताजा मासु (राँगा, बंगुर, खसी, कुखुरा, माछा आदि) बिक्री वितरण गर्ने मासु पसल, फ्रेस हाउसहरूलाई व्यवस्थित, स्वच्छ र मर्यादित बनाउँदै जनस्वास्थ्य र जनहित कायम राख्न तथा मासु तथा मासुजन्य पदार्थको शुद्धता, स्वच्छता र स्वस्थता तथा मासुको स्वाभाविक गुण कायम राखी मानव स्वास्थ्यमा पर्न सक्ने सम्भावित क्षति कम गर्ने उद्देश्य सहित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंको मिति २०८३ भाद्र १ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम पशु वधशाला र मासु जाँच ऐन, २०५५ लाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने निर्णय भएको हुँदा नगरभित्र मासु पसल/फ्रेस हाउस सञ्चालन गर्न इच्छुक व्यवसायीहरूले देहाय बमोजिमका न्यूनतम मापदण्ड पूरा गरी मासु पसल/फ्रेस हाउस अनिवार्य रूपमा दर्ता गरेर मात्र सञ्चालन गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मासु पसल/फ्रेस हाउस सञ्चालन गर्न आवश्यक न्यूनतम मापदण्ड

➢ मासु पसल कक्षको भित्तामा कम्तीमा ५ फिट सेतो टायल/मार्बल र भुइँमा नचिप्लिने, पानी नजम्ने र सजिलै सफा गर्न सकिने गरी टायल वा मार्बल लगाएको।

➢ चिस्यानका लागि डिस्प्ले रेफ्रिजरेटर वा डिपफ्रिजको व्यवस्था भएको।

➢ स्टेनलेस स्टिलबाट बनेका औजार तथा उपकरणको व्यवस्था भएको।

➢ स्वच्छ पानीको व्यवस्था भएको, फोहोर व्यवस्थापन गरेको र पसलमा धुलो, मैलो नहुने र पानी नचुहिने बनाएको।

➢ गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित इलेक्ट्रिक डिजिटल तराजु राखेको।

➢ पसलमा काम गर्ने व्यक्तिका लागि एप्रोन, गमबुट, मास्क, हेड कभर र ग्लोब्सको व्यवस्था भएको।

➢ विभिन्न प्रजातिका पशुको मासु छुट्टाछुट्टै राखेर बिक्री वितरण गरेको। साथै फरक प्रजातिको मासुको लागि फरक-फरक अचानो र औजारको व्यवस्था भएको। माछामासु टुक्र्याउने अचानो सफा र प्रयोग नभएको बखत छोपेर राख्ने गरेको।

➢ प्रचलित कानुनले बन्देज लगाएका र गुणस्तरहीन माछामासु बिक्री नगर्ने गरेको।

➢ मानव स्वास्थ्यमा नकारात्मक असर गर्ने र माछामासु तथा मासुजन्य पदार्थको गुणस्तरमा ह्रास ल्याउने किसिमका हानिकारक रासायनिक पदार्थको प्रयोग नगर्ने गरेको।

➢ माछा बाहेकको हकमा मासु पसलमा पशुपन्छी वध गर्ने कार्य नगरेको।

➢ जिउँदो माछा पसलको हकमा माछा राख्ने ट्याङ्की कम्तीमा ५ फिट लम्बाइ, ३.५ फिट चौडाइ र ३ फिट उचाइ भएको र ट्याङ्कीको कम्तीमा आधा भाग सफा पानीले भरिएको हुनुपर्ने।

➢ अन्य व्यवस्था पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ बमोजिम हुनेछ।

पुनश्चः यो सूचना यसभन्दा अघि कुनै पनि सरकारी निकायमा दर्ता भई सञ्चालनमा रहेका व्यवसायीहरूका लागि पनि लागू हुनेछ र न्यूनतम मापदण्ड नपुऱ्याई अवैध तरिकाले सञ्चालन गरेको पाइएमा कानुन बमोजिम हुनेछ।

मिति: २०८३/०७/१२
ने.सं.: ११४६, कौलागा चतुर्थी

२०८३/०७/१२
सुशीला अधिकारी
प्रमुख प्रशासकीय अधिकृत